नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८३, ४२११९१५

सिंहदरबार, काठमाण्डौ


पत्र संख्या :

च.नं. :

मिति: २०८१/०४/२५

## प्रेस विज्ञप्ति

### अनुदानको रासायनिक मल वितरणबारे जानकारी दिन कल सेन्टर स्थापना गरिएको

देशमा रासायनिक मलखादको सहज आपूर्ति सुनिश्चतता गर्ने सन्दर्भमा कृषकलाई लागत सहभागिताको आधारमा अनुदानमा रासायनिक मल उपलब्ध गराउन नेपाल सरकार निरन्तर प्रयासरत रहेको छ । अनुदानमा रासायनिक मल उपलब्ध गराउने प्रयोजनका निमित्त अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम मल आपूर्ति तथा वितरण व्यवस्थालाई सहज र पारदर्शी बनाउनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट विभिन्न प्रयासहरु हुँदै आएका छन्।

यस परिप्रेक्ष्यमा मल आपूर्ति र वितरणको कार्यलाई अझ पारदर्शी बनाउने क्रममा मन्त्रालयले कल सेन्टर मार्फत मल आपूर्ति र वितरणको बारेमा सर्वसाधारणलाई जानकारी गराउने व्यवस्था शुरु गरेको छ। कृषकहरुले मन्त्रालयमा स्थापना गरिएको कल सेन्टरको पैसा नलाग्ने टोल फ्रि नम्बर **१६६००१७७७७९मा** कार्यालय समय भित्र फोन गरी आफ्नो नजिकमा रहेको मल विक्रेता सहकारी वा निजी स्तरका डिलरहरुको नाम नामेसी र मोबाइल/फोन नं सहितको विवरण प्राप्त गर्न सक्ने छन्। साथै, उक्त विवरण मन्त्रालयको वेवसाइट www.moald.gov.np मा पनि राखिएको छ।

यसै गरी उक्त टोल फ्रि नम्वरमा सम्पर्क गरि आफ्नो नजिकको डिलरले प्राप्त गरेको मलको कोटा सम्बन्धि विवरण र उक्त डिलरले प्रत्येक दिन विक्री गरेको मलको विवरण समेत प्राप्त गर्न सक्ने व्यवस्था गरिएको पनि जानकारी गराइन्छ। उपरोक्त व्यवस्थाहरुको उपयोग गरी मल आपूर्ति र वितरण व्यवस्था प्रभावकारी बनाउने मन्त्रालयको पहलमा सहयोग पुर्याइदिनु हुन सम्पूर्ण कृषक दाजुभाइ, दिदी बहिनीहरु र सरोकारवालाहरुलाई यस मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

२०८१/४/२५

.....................

डा. हरि बहादुर के.सी

सहसचिव/प्रवक्ता